जानकी गाउँपालिका, बाँकेको

स्थानीय राजपत्र

खण्डः १ संख्याः १७ प्रमाणीकरणः २०७९/०३/३१

प्रकाशन मितिः २०७९/०४/०३

भाग-१

# जानकी गाउँपालिकाको विनियोजन ऐन, २०७९

सभाबाट स्वीकृत मितिः २०७९।०३।३१

**प्रस्तावनाः**

जानकी गाउँपालिकाको आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम जानकी गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम जानकी गाउँपालिकाको विनियोजन ऐन, २०७९ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७९।०८० को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकार**

(१) आर्थिक वर्ष २०७९।०८० को निमित्त जानकी गाउँपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ५९,५३,५९,०००/- **(अक्षेरुपी उनानसाठी करोड त्रिपन्न लाख उनान साठी हजार रुपैया मात्र)** मा नबढाई निर्दिष्ट गरिए वमोजिम सञ्चितकोषवाट खर्च गर्न सकिनेछ ।

छब्बन खाँ
गा.पा.अध्यक्ष

**३. विनियोजनः**

(१) यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्ने अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८ २०७९ को निमित्त जानकी गाउँपालिका कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा वचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले वचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुवाट अर्को एक वा एक भन्दा वढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा वाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा वाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतवाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकवाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चितकोषबाट विनियोजन हुने रकम

रकम रु. हजारमा

| शीर्षकको नाम | चालु खर्च | पुंजीगत खर्च | वितिय व्यवस्था | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| गाउँ कार्यपालिका | २५५४०० | २५०७०९ | ० | ५०६१०९ | |
| वडा समिति | ६००० | ४२५०० | ० | ४८५०० | |
| विषयगत शाखाहरु | ४०७५० | ० | ० | ४०७५० | |
| ऋणको साँवा व्याज भुक्तानी | ० | ० | ० | ० | |
| लगानी (शेयर/ऋण) | ० | ० | ० | ० | |
| **जम्मा** | ३०२१५० | २९३२०९ | ० | ५९५३५९.०० | |

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत

छब्बन खाँ
गा.पा.अध्यक्ष

CamScanner